# रणनीतिक योजना

## (२०८१/८२-२०८५/८६)

## प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश

श्रावण, २०८१

# रणनीतिक योजना

## (२०८१/८२-२०८५/८६)

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश

**श्रावण, २०८१**

# रणनीतिक योजना (२०८१/८२-२०८५/८६)

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

प्रतिलिपि अधिकार © प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

मुस्ताङचोक, पोखरा, नेपाल

फोन : ०६१-४५७८७३

ईमेल : gandakipsc2076@gmail.com

# प्राक्कथन

आयोग स्थापना भई कार्य सम्पादन गर्दै आएको तीन वर्षभन्दा बढी अवधि व्यतित भइसकेको छ । यस क्रममा आयोगसँग सम्बन्धित संबैधानिक व्यवस्था, नीति, ऐन, नियम एवम् लोक सेवा आयोगले अवलम्बन गरेका सिद्धान्त र मापदण्ड तथा असल अभ्यास समेतका आधारमा कार्य सम्पादन हुँदै आएको छ । आयोगको काम कारबाहीलाई अझ योजनाबद्ध, व्यवस्थित र प्रभावकारी बनाउन यो रणनीतिक योजना तर्जुमा गरिएको छ ।

रणनीतिक योजना तर्जुमा गर्ने सिलसिलामा संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन र प्रदेश लोक सेवा आयोग ऐन प्रदत्त भूमिका, लोक सेवा आयोगको इतिहास, यसले आर्जन गरेको छवि तथा  प्राप्त उपलब्धिका साथै हाम्रो विगत तीन वर्षको अनुभव एवम् सिकाईहरूलाई मुख्य आधार लिइएको छ ।

प्रस्तुत रणनीतिक योजनाको मुख्य उद्देश्य संविधान र कानुनको मर्म अनुरूप योग्यता प्रणालीको प्रबर्द्धन र स्वच्छ तथा निष्पक्ष विधिको अवलम्बन गर्दै उपयुक्त उम्मेदवार छनौट तथा सिफारिस गरी प्रदेश तथा स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन सहयोग पुर्‍याउनु रहेको छ । प्रस्तुत रणनीतिक योजनालाई वार्षिक कार्यक्रम तथा बजेट मार्फत क्रमशः प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिनेछ । यसका लागि प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तहहरू र तत् तत् मातहतका निकायहरूको महत्वपूर्ण भूमिका हुनेछ । यस क्रममा दक्ष/विशेषज्ञहरू एवम् सम्बद्ध सरोकारवालाहरूको समेत यथोचित सहयोग प्राप्त हुने अपेक्षा लिइएको छ ।

रणनीतिक योजना तर्जुमा कार्यमा विज्ञको रूपमा सेवा प्रदान गर्नुहुने डा. गिरधारी शर्मा पौडेल र पूर्व सचिव डा. तिर्थराज ढकाललाई धन्यवाद ज्ञापन गर्दछु । यस क्रममा महत्त्वपूर्ण सुझाव प्रदान गर्नुहुने प्रमुख सचिव, प्रदेश सचिवहरू, दक्ष/विशेषज्ञहरू लगायत सबैलाई आभार प्रकट गर्दछु । अन्त्यमा, यस कार्यमा संलग्न आयोगका पदाधिकारी, सचिव, महाशाखा प्रमुख लगायतका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद व्यक्त गर्दछु ।

**विष्णुप्रसाद नेपाल**
**अध्यक्ष**

# विषयसूची


| | | विषय | पृष्ठ |
|---|---|---|---|
| **अध्याय** | **१** | **परिचय** | |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | आयोगको काम, कर्तव्य र अधिकार | १ |
| | १.३ | प्रदेश लोक सेवा आयोग र सम्बद्ध कानुनी व्यवस्था | २ |
| | १.४ | आयोगले कार्यसम्पादन गर्दा अपनाएका सिद्धान्तहरू | ४ |
| | १.५ | रणनीतिक योजनाको उद्देश्य | ५ |
| | १.६ | रणनीतिक योजना तर्जुमा विधि | ५ |
| **अध्याय** | **२** | **वर्तमान स्थिति तथा समस्याको विश्लेषण** | |
| | २.१ | पृष्ठभूमि | ७ |
| | २.२ | सङ्गठन संरचना | ७ |
| | २.३ | खुल्ला प्रतिस्पर्धात्मक परीक्षाका छनोट विधि | ७ |
| | २.४ | कार्य सम्पादनको स्थिति | ८ |
| | २.५ | विनियोजित बजेट र खर्चको प्रवृत्ति | ९ |
| | २.६ | राजस्व सङ्कलन र खर्चको स्थिति | ९ |
| | २.७ | भौतिक पूर्वाधारको स्थिति | ९ |
| | २.८ | सरोकारवालाहरूको भूमिकाको विश्लेषण | १० |
| | २.९ | सबल तथा सुधार गर्नुपर्ने पक्ष र अवसर तथा चुनौतीहरूको विश्लेषण | १२ |
| | २.१० | मुख्य समस्याहरू | १६ |
| | २.११ | मुख्य चुनौतीहरू | १६ |
| | २.१२ | मुख्य रणनीतिक सवालहरू | १७ |
| **अध्याय** | **३** | **रणनीतिक योजना** | |
| | ३.१ | पृष्ठभूमि | १९ |
| | ३.२ | दूरदृष्टि र ध्येय | १९ |
| | ३.३ | मूल्य-मान्यता | १९ |
| | ३.४ | रणनीतिक उद्देश्य | २० |
| | ३.५ | मुख्य रणनीति र कार्यनीतिहरू | २० |

| | | | |
|---|---|---|---|
| **अध्याय** | **४** | **नतिजा खाका तथा परिवर्तनको सिद्धान्त** | |
| | ४.१ | पृष्ठभूमि | २५ |
| | ४.२ | नतिजा खाका | २६ |
| **अध्याय** | **५** | **रणनीतिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन योजना** | |
| | ५.१ | रणनीतिक योजना कार्यान्वयन व्यवस्था | ४० |
| | ५.२ | अनुमान तथा जोखिमको पहिचान तथा व्यवस्थापन | ५० |
| | ५.३ | रणनीतिक योजनाको अनुगमन तथा मूल्याङ्कन | ५० |

# तालिकाहरूको सूची


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| तालिका १: | छनोट विधि र पूर्णाङ्क | ७ |
| तालिका २: | दरखास्तको विवरण | ८ |
| तालिका ३: | लिखित परीक्षामा उपस्थित र सिफारिस संख्या | ८ |
| तालिका ४: | विनियोजित वार्षिक बजेट र खर्च | ९ |
| तालिका ५: | सरोकारवालाहरूको भूमिकाको विश्लेषण | १० |
| तालिका ६: | सबल र सुधार गर्नुपर्ने पक्षहरू तथा अवसर र चुनौतीहरूको विश्लेषण | १२ |
| तालिका ७: | मूल्य-मान्यताहरू | १९ |
| तालिका ८: | रणनीतिक उद्देश्यअनुसारका रणनीति र कार्यनीति | २० |
| तालिका ९: | नतिजा खाका | २६ |
| तालिका १०: | रणनीतिक योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन योजना | ४१ |

# अध्याय - १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ बमोजिम सङ्घीय संसदबाट प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भएको छ । उक्त ऐनबाट निर्दिष्ट आधार तथा मापदण्ड समेतका आधारमा गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी भै सोही ऐन बमोजिम सम्वत् २०७७ चैत्र ११ मा प्रदेश लोक सेवा आयोगको गठन भएको हो । यस आयोगको उद्देश्य प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, तथा स्थानीय तहको सङ्गठित संस्थाका पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीको प्रवर्धन गर्नु रहेको छ ।

आयोगले गण्डकी प्रदेशको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्य अनुरूप आफ्नो कार्यसम्पादन गर्दै आएको छ । आयोगबाट सम्पादन हुने कार्यलाई बढी व्यवस्थित तथा योजनाबद्ध बनाउने उद्देश्य राखी यस प्रथम रणनीतिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरिएको छ ।

## १.२ आयोगको काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ बमोजिम प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः

(१) प्रदेश निजामती सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्ने,

(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिको लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने,

(३) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति, बढुवा तथा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने,

(४) प्रदेश सरकार तथा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दा देहायका विषयमा परामर्श दिने,

(क) प्रदेश निजामती सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा सर्त सम्बन्धी कानुनका विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय

सरकारी सेवा, स्थानीय तहको संङगठित संस्थाको सेवाको पदका नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेशका अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा वा स्थानीय सरकारी सेवाको पदमा सरूवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरूवा वा बढुवा गर्ने विषयमा, र

(च) प्रदेश निजामती सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायका विषयमा ।

ऐनमा माथि उल्लेखित विषयबाहेक आयोगका अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने व्यवस्था छ ।

## १.३ प्रदेश लोक सेवा आयोग र सम्बद्ध कानुनी व्यवस्था

### (क) नेपालको संविधान

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा एक प्रदेश लोक सेवा आयोग रहने र उपधारा (२) मा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुनबमोजिम हुने व्यवस्था रहेको छ । यस्तो कानुन निर्माण हुनुअघि संघीय संसदले कानुन बनाई आधार र मापदण्ड तोक्न सक्ने संबैधानिक व्यवस्थाअनुरूप प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भएको छ ।

### (ख) प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ ले निर्धारण गरेको आधार र मापदण्ड बमोजिम प्रदेश लोक सेवा आयोग सम्बन्धी कानुनी व्यवस्था भै हरेक प्रदेशमा आयोगहरू स्थापना गर्ने आधार प्रदान भएको छ । यी आधार र मापदण्डहरू सबै प्रदेशले अनिवार्य रूपमा पालना गर्नुपर्ने भएकाले प्रदेश लोक सेवा आयोगहरूको कार्य सञ्चालनमा एकरूपता हुने र समान आधार तथा मापदण्ड पालना गर्नुपर्दा विश्वसनीयता र निष्पक्षता कायम राख्न योगदान दिने स्थिति रहेको छ ।

### (ग) गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६

यस ऐनले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य तथा अधिकार र कार्य सञ्चालन विधि सम्बन्धमा व्यवस्था गरेको छ । यसले आयोगलाई प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै

सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन भूमिका खेल्ने आधार प्रदान गरेको छ ।

**(घ) गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८०**

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५७ ले दिएको अधिकारअनुसार आयोगले गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० जारी गरेको छ । यस नियमावलीमा आयोगले नयाँ नियुक्ति र बढुवाका लागि उम्मेदवार सिफारिस गर्दा अपनाउनु पर्ने प्रक्रिया सम्बन्धमा विस्तृत व्यवस्था गरिएको छ ।

**(ङ) गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८०**

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी आयोगले निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिकाले आयोगका आन्तरिक कामहरूलाई व्यवस्थित र मर्यादित बनाउने उद्देश्य राखेको छ ।

**(च) गण्डकी प्रदेश प्रहरी ऐन, २०७७**

गण्डकी प्रदेश प्रहरी ऐनको दफा २५ बमोजिम प्रदेश प्रहरी सेवाको लागि खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्ने पदपूर्ति समितिको नेतृत्व आयोगका अध्यक्ष वा निजले तोकेको सदस्यले गर्ने व्यवस्था छ ।

**(छ) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९**

गण्डकी प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै प्रदेश निजामती प्रशासनलाई व्यावसायिक, मर्यादित र प्रभावकारी बनाउन प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ जारी गरेको छ । यस ऐनको परिच्छेद ३, परिच्छेद ५ तथा परिच्छेद ११ मा क्रमशः निजामती कर्मचारीको नयाँ नियुक्ति, बढुवा तथा विभागीय सजायसम्बन्धी व्यवस्था गरिएका छन् ।

**(ज) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९**

स्थानीय सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै सार्वजनिक प्रशासनलाई व्यावसायिक, मर्यादित र प्रभावकारी बनाउन स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ जारी गरेको छ । यस ऐनको परिच्छेद ३, परिच्छेद ५ तथा परिच्छेद ११ मा क्रमशः स्थानीय सेवाका कर्मचारीको नयाँ नियुक्ति, बढुवा तथा विभागीय सजायसम्बन्धी व्यवस्था गरिएका छन् ।

### १.३.१ प्रदेश लोक सेवा आयोगसम्बन्धी अन्य ऐन, नियमावली र कार्यविधिहरू

प्रदेश लोक सेवा आयोगसम्बन्धी अन्य ऐन, नियमावली र कार्यविधिमध्ये गण्डकी प्रदेश सुशासन ऐन, २०७६, गण्डकी प्रदेश सुशासन नियमावली, २०७६, गण्डकी प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन, २०७६, प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७, प्रदेश लोक सेवा आयोग खर्च व्यवस्थापन कार्यविधि, २०७८, प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवम् दक्ष/विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८, गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८०, प्रदेश बढुवा समितिको (कार्य व्यवस्थापन) कार्यविधि, २०८०, स्थानीय तह बढुवा समितिको (कार्य व्यवस्थापन)

कार्यविधि, २०८०, अधिकृत नवौं तह अप्राविधिक पदको इन बास्केट अभ्यास परीक्षा सञ्चालन तथा व्यवस्थापन (विधि र मापदण्ड) सम्बन्धी कार्यविधि, २०८० आदि प्रमुख छन् ।

## १.४ आयोगले कार्यसम्पादन गर्दा अपनाएका सिद्धान्तहरू

आयोगले देहाय बमोजिमका सिद्धान्तहरू अवलम्बन गरेको छः

(क) **योग्यताको सिद्धान्त :** आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा अब्बल ठहर्ने उम्मेदवारलाई मात्र नियुक्तिको लागि सिफारिस गरिन्छ । सम्बन्धित पदको कार्यसम्पादन गर्न सक्ने ज्ञान, सीप, मनोभावना आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान् हुने विश्वास गरिन्छ ।

(ख) **निष्पक्षताको सिद्धान्त :** आयोगका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन् । आयोगका निर्णय र परीक्षा सम्बन्धी काम कारबाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाईन्छ भने कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात गरिदैन ।

(ग) **स्वच्छताको सिद्धान्त :** आयोगका सम्पूर्ण काम कारबाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ । आयोगले लिने निर्णयहरू र आयोगबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवं कार्यविधिगत प्रबन्ध गरिन्छ ।

(घ) **समान अवसरको सिद्धान्त :** आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ । सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ ।

(ङ) **समावेशिताको सिद्धान्त :** पदपूर्तिका लागि आयोगमा प्राप्त माग पदहरू राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवारबिच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्ति गरिन्छ । अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने गरिएको छ ।

(च) **द्विअन्ध सिद्धान्त :** पदपूर्ति प्रक्रियाको कुनै गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइँदैन र जानकारी समेत दिइदैन । उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो भन्ने जानकारी हुँदैन । प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कस्को हो भन्ने बारेमा पूर्णतः अनविज्ञ रहन्छ । अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्क बारेमा पूर्णतः अनविज्ञ रहन्छन् । त्यस्तै आयोगका हरेक महाशाखा/शाखाहरूलाई विशिष्टीकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ । कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन ।

(छ) **परिचय शून्यताको सिद्धान्त :** उत्तरपुस्तिका परीक्षण गर्नु अघि दोहोरो सङ्केतीकरण (Double Coding) प्रक्रिया मार्फत उक्त उत्तरपुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ । यसबाट उत्तरपुस्तिकाको निश्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ । त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात वैयक्तिक पहिचान विहीन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ । अन्तर्वार्ता लगायत छनौट प्रक्रियामा सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरे पश्चात मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक

पहिचान विसङ्केतीकरण (De–coding) प्रक्रिया मार्फत पत्ता लगाइन्छ।

**(ज) असंलग्नताको सिद्धान्त :** आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको नतिजा प्रकाशन सम्मको प्रक्रियाबाट अलग राखिन्छ, संलग्न गराइँदैन ।

**(झ) गोपनीयताको सिद्धान्त :** परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगले गोपनीयता राख्दछ । आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ । परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेला सम्म गोप्य रहन्छ । आयोगको अनलाइन डाटाबेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ । यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरूमा पूर्ण गोपनीयताका साथसाथै गुणस्तरीयता सुनिश्चित गरिन्छ ।

## १.५ रणनीतिक योजनाको उद्देश्य

यस रणनीतिक योजनाको मुख्य उद्देश्य नेपालको संविधान र प्रदेश कानुनले दिएका अधिकारको प्रयोग गरी प्रदेश र स्थानीय तहको निजामती एवम् सरकारी सेवाका लागि उपयुक्त मानव संशाधन छनौट तथा सिफारिस गर्ने कार्य कुशलतापूर्वक सम्पादन गर्नु हो । आयोगको संस्थागत विकास गर्दै आयोगबाट सम्पादन हुने कार्यलाई अझ बढी व्यवस्थित, विश्वसनीय तथा योजनाबद्ध बनाई एक उत्कृष्ट संस्थाका रूपमा विकास गरी प्रदेशको समृद्धिमा सहयोग पुऱ्याउन देहायबमोजिमका विशिष्ट उद्धेश्यहरू रहेका छन् :

(१) प्रदेश लोक सेवा आयोगका सरोकारवालाहरूको विश्लेषण, आयोगका सबल तथा दुर्बल पक्ष, चुनौती र अवसरहरूको पहिचान गर्नु र रणनीतिक सवालहरूका आधारमा आयोगले लिने दूरदृष्टि, ध्येय, रणनीति र कार्यनीति तय गर्नु,

(२) रणनीति तथा कार्यनीतिको प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने क्रियाकलाप, लक्ष्य र मापनयोग्य सूचकहरूको विकास गर्नु, र

(३) पहिचान भएका क्रियाकलापहरू कार्यान्वयन गर्न समयसीमा सहितको कार्यान्वयन कार्ययोजना र अनुगमन तथा मूल्याङ्कन योजना बनाउनु ।

## १.६ रणनीतिक योजना तर्जुमा विधि

यस रणनीतिक योजना तयार गर्दा सहभागितामूलक छलफल र विश्लेषण विधि तथा निम्नलिखित प्रक्रिया अपनाइएको थियोः

### क. रणनीतिक योजना तर्जुमा कार्यदलको गठन

रणनीतिक योजना तयार गर्नका लागि आयोगको पाठ्यक्रम महाशाखाका प्रमुखको संयोजकत्वमा अन्य महाशाखा प्रमुख सदस्य रहने गरी एक कार्यदलको गठन गरेको थियो । कार्यदललाई सहजीकरणका लागि परामर्शदाताको सेवा लिइएको थियो । कार्यदलले परामर्शदाताको सहयोगमा विभिन्न चरणमा छलफल र प्रस्तुति गरी रणनीतिक योजनाको मस्यौदा तयार गरी आयोगमा पेस गरेको थियो ।

### ख. सन्दर्भ सामग्रीको सङ्कलन विश्लेषण तथा छलफल

रणनीतिक योजना तयारीका लागि आवश्यक सामग्री तथा सूचनाको सङ्कलन, समीक्षा तथा विश्लेषण

गरी आवश्यक सूचना प्रयोग गरिएको थियो । आयोगका पदाधिकारी, कर्मचारी र परामर्शदाताकाबिचमा रणनीतिक योजना तर्जुमा कार्यदल र परामर्शदातालाई दिएको कार्यसर्त र रणनीतिक योजना तर्जुमा प्रक्रियाबारे २ फागुन २०८० मा छलफल गरी योजना निर्माण विधि तय गरिएको थियो ।

**ग. आयोगका सरोकारवालासँग छलफल**

रणनीतिक योजना तर्जुमा प्रक्रियामा सरोकारवाला पहिचान गरी आयोगका सबल एवम् दुर्बल पक्ष र चुनौती तथा अवसर पहिचान गर्नुका साथै भविष्यमा लिनुपर्ने रणनीति तथा कार्यनीति र कार्यान्वयन गर्ने क्रियाकलापबारे छलफल गरिएको थियो ।

आयोगबाट सञ्चालित लिखित परीक्षामा सहभागी परीक्षार्थीहरूसँग अन्तरवार्ता गरी परीक्षामा सोधिएको प्रश्नको प्रकृति र परीक्षा तयारीबिचको तादम्यताबारे छलफल गरिएको थियो । विश्वविद्यालय, महाविद्यालय र माध्यमिक विद्यालयका, शिक्षक तथा विद्यार्थी प्रतिनिधिहरूसँग आयोगको पाठ्यक्रम र शैक्षिक संस्थाका पाठ्यक्रमबिचको अन्तरसम्बन्ध लगायत छनोट विधिमा गरिनुपर्ने सुधार र विश्वविद्यालयमा उत्कृष्ट अङ्क ल्याउने मेधावी विद्यार्थीहरूलाई सरकारी सेवामा आकर्षण गर्ने उपायवारे छलफल गरिएको थियो ।

प्रदेश सरकारका सचिवहरू, स्थानीय तहका पदाधिकारीहरू, प्रमुख प्रशासकिय अधिकृतहरूसँग आयोगले सिफारिस गरी पठाएका कर्मचारीको सिप र दक्षताको विषय, पाठ्यक्रममा गर्नुपर्ने सुधारहरू, कर्मचारीले कार्यालयमा गर्ने काम र आयोगका पाठ्यक्रमबिचको सामान्जस्य, माध्यमिक विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रम र प्रदेश लोक सेवा आयोगका पाठ्यक्रमबिचको अन्तरसम्बन्धका विषय, आयोगले कर्मचारी छनोट गर्दा प्रयोग गरेको छनोट विधिमा गरिनुपर्ने सुधार एवम् आयोगलाई कर्मचारी छनोटको उत्कृष्ट केन्द्र बनाउन गर्नुपर्ने सुधारका उपायहरू तथा आवश्यक स्रोत र साधनको व्यवस्थापन सम्बन्धमा विचार विमर्श गरिएको थियो ।

आयोगका पदाधिकारी र कर्मचारीको संयुक्त बैठक आयोजना गरी आयोगले सम्पादन गरेका कार्यहरू, आयोगका सरोकारवालाहरू, भौतिक पूर्वाधार, दक्ष/विशेषज्ञको व्यवस्थापन, कर्मचारी छनोट प्रक्रिया, आयोगका सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, चुनौती, अवसर र समस्या समाधान एवम् भविष्यमा आयोगले गर्नुपर्ने सुधारका विषयहरूमा समेत छलफल गरिएको थियो ।

**घ. मस्यौदा तयार, परिमार्जन तथा स्वीकृति**

सरोकारवालाहरूसँगको अन्तरक्रिया/छलफलबाट प्राप्त सुझावहरू समावेस गरी परामर्शदाताबाट प्रारम्भिक मस्यौदा तयार गरी प्राप्त हुन आयो । प्रारम्भिक मस्यौदा उपर आयोगका पदाधिकारी तथा कर्मचारीहरू समेतको छलफलबाट मस्यौदामा पुनरावलोकन गरिएको थियो । उक्त मस्यौदालाई समीक्षक (Peer reviewer) बाट पुनरावलोकन गराइएको थियो । सो मस्यौदामा प्रदेश सरकारका प्रमुख सचिव एवम् सचिवहरूबाट समेत छलफल गराई सुझाव लिइएको थियो । अन्त्यमा आयोगका पदाधिकारी तथा कर्मचारीहरूबाट छलफल गरी रणनीतिक योजनाको मस्यौदालाइ अन्तिम रूप दिने कार्य गरिएको थियो । उक्त मस्यौदा आयोगबाट स्वीकृत भएको छ ।

## अध्याय - २

# वर्तमान स्थिति तथा समस्याको विश्लेषण

### २.१ पृष्ठभूमि

आयोग २०७७ चैत्र ११ गते स्थापना भई कार्य सञ्चालन गर्दै अगाडि बढेको छ । यस अध्यायमा आयोगले सामना गरिरहेका समस्या तथा चुनौतीहरूको समीक्षा तथा विश्लेषण गरिएको छ ।

### २.२ सङ्गठन संरचना

आयोगमा एक अध्यक्ष र दुई सदस्यसहित तीनजना पदाधिकारी रहेका छन् । आयोगका काम कारबाहीलाई थप व्यवस्थित र मर्यादित तुल्याउन अध्यक्ष र सदस्यहरूबिच कार्य विभाजन गरिएको छ । आयोगको सङ्गठन संरचनामा ४ वटा महाशाखा र ८ वटा शाखामा गरी कुल ४९ जना कर्मचारीको दरबन्दी रहेको छ । आयोगमा प्रशासकीय प्रमुखको रूपमा प्रदेश सचिव, महाशाखा प्रमुखको रूपमा उपसचिवहरू र शाखा प्रमुखको रूपमा शाखा अधिकृत रहेका छन् ।

### २.३ खुल्ला प्रतिस्पर्धात्मक परीक्षाका छनोट विधि

आयोगले सञ्चालन गर्ने लिखित परीक्षा प्रदेश र स्थानीय तहको एकीकृत रूपमा सञ्चालन गर्ने गरिएको छ । प्रशासन सेवा, प्रशासन समूह तर्फ सातौं, पाँचौं र चौथो तहका पदहरूमा पहिलो चरणको प्रारम्भिक परीक्षा उत्तीर्ण उम्मेदवारहरू दोस्रो चरणको लिखित परीक्षामा समावेश गर्ने गरिएको तथा पाँचौं र चौथो तहका केही प्राविधिक पदहरूमा पहिलो चरणको प्रारम्भिक परीक्षा सञ्चालन गर्ने गरिएको छ । परीक्षाका छनौट विधिहरू र पूर्णाङ्क देहाय बमोजिम रहेको छ ।

**तालिका १: छनोट विधि र पूर्णाङ्क**

| पदको किसिम | तह | वस्तुगत बहुउत्तर परीक्षा | विषयगत लिखित परीक्षा | प्रयोगात्मक तथा सिप परीक्षण | सामूहिक छलफल/ In Basket Exercise | अन्तरवार्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| अप्राविधिक | नवौं | x | २०० | x | २० | ३० | |
| प्राविधिक | नवौं | x | २०० | x | x | ३० | |
| प्राविधिक | आठौं | १०० | १०० | x | १० | ३० | |
| अप्राविधिक | सातौं | १०० | ३०० | १० | १० | ५० | |
| प्राविधिक | सातौं | १०० | १०० | x | १० | ३० | |
| अप्राविधिक | पाँचौं | १०० | २०० | १० | x | ४० | |
| प्राविधिक | पाँचौं | १०० | १०० | x | x | ३० | |

| पदको किसिम | तह | वस्तुगत बहुउत्तर परीक्षा | विषयगत लिखित परीक्षा | प्रयोगात्मक तथा सिप परीक्षण | सामूहिक छलफल/ In Basket Exercise | अन्तरवार्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| अप्राविधिक | चौथो | १०० | २०० | १० | x | ४० | |
| प्राविधिक | चौथो | १०० | १०० | x | x | ३० | |

परीक्षा प्रणालीलाई विश्वसनीय बनाउन परीक्षा सञ्चालनदेखि सिफारिस सम्मका चरणहरूमा पूर्णतः गोपनीयता कायम गरिन्छ । उत्तरपुस्तिका परीक्षण गर्नु अघि दोहोरो सङ्केतीकरण (Double coding) गरी उत्तरपुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ । यसबाट उत्तरपुस्तिकाको निश्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुने गर्दछ । त्यस्तै उत्तरपुस्तिका परीक्षणपश्चात् वैयक्तिक पहिचानबिना प्राप्ताङ्कको तालिका तयार गरिन्छ । अन्तर्वार्तालगायत छनौट प्रक्रियामा सम्पूर्ण परीक्षाका अङ्गहरू एकीकृत गरे पश्चात् मात्र वैयक्तिक पहिचान विसङ्केतीकरण (De–coding) प्रक्रियामार्फत् पत्ता लगाइन्छ । परीक्षा प्रक्रियाको कुनै गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइँदैन । कुनै एक महाशाखा र शाखाको कार्य सम्पादनमा अर्को महाशाखा र शाखाको प्रत्यक्ष पहुँच र संलग्नता हुँदैन ।

## २.४ कार्य सम्पादनको स्थिति

आयोगले स्थापनाको वर्ष २०७७/७८ मा नियम, निर्देशिका एवम् कार्यविधिहरू बनाउनुका साथै आर्थिक वर्ष २०७८/७९ देखि कर्मचारी छनोट प्रक्रिया प्रारम्भ गरेको हो ।

**तालिका २ः दरखास्तको विवरण**

| आर्थिक वर्ष | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| २०७८/७९ | ८१,९०८ | ९९,३१४ | १,८१,२२२ |
| २०७९/८० | २,८३३ | १०,७६२ | १३,५९५ |
| २०८०/८१ | ५४,२१३ | ७३,४८८ | १,२७,७०१ |
| **जम्मा** | १,३८,९५४ | १,८३,५६४ | ३,२२,५१८ |

**तालिका ३ः लिखित परीक्षामा उपस्थित र सिफारिस सङ्ख्या**

| आर्थिक वर्ष | लिखित परीक्षामा उपस्थित उम्मेदवार | | | सिफारिस भएका उम्मेदवार | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| २०७८/७९ | ५९,३३१ | ७३,३९३ | १,३२,७२४ | ५२१ | ६६३ | ११८४ |
| २०७९/८० | १,४२१ | ५,७८६ | ७,२०७ | ७७ | १४० | २१७ |

| आर्थिक वर्ष | लिखित परीक्षामा उपस्थित उम्मेदवार | | | सिफारिस भएका उम्मेदवार | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| २०८०/८१ | ३२,५०१ | ४४,०१९ | ७६,५२० | ८१ | २६८ | ३४९ |
| जम्मा | ९३,२५३ | १२३,१९८ | २,१६,४५१ | ६७९ | १,०७१ | १,७५० |

आ. व. २०८०/०८१ को असार मसान्तसम्म ६७९ जना महिला र १,०६१ जना पुरूष गरी जम्मा १,७५० जनालाई विभिन्न पदमा नियुक्तिका लागि सिफारिस गरिएको छ । सार्वजनिक सेवामा आकर्षण बढाउन सरकारी तथा सामुदायिक क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको लागि अभिमुखीकरण, स्थानीय तहका पदाधिकारीहरू, प्रदेश अन्तरगत जिल्लास्तरमा रहेका कार्यालयका प्रमुखहरूसँग पदपूर्ति सम्बन्धी अन्तरक्रिया सञ्चालन गरिँदै आएको छ । स्थानीय तहमा पदपूर्तिसँग सम्बन्धित कार्यहरूमा निरीक्षण गरिँदै आएको छ ।

## २.५ विनियोजित बजेट र खर्चको प्रवृति

आर्थिक वर्ष २०७७/७८ को अन्तिम चौमासिकमा मात्र कार्य प्रारम्भ गरेकोले सो वर्षको कुल विनियोजनमध्ये ३२ प्रतिशत मात्र खर्च भएको थियो । आर्थिक वर्ष २०७८/७९ मा ८२.८७ प्रतिशत र २०७९/८० मा ६६.७६ प्रतिशत रकम खर्च भएको थियो । आर्थिक वर्ष २०८०/८१ को असार महिनासम्ममा कुल विनियोजनको ७८.४५ प्रतिशत खर्च भएको छ ।

**तालिका ४: विनियोजित वार्षिक बजेट र खर्च** (रकम रू हजारमा)

| आर्थिक वर्ष | विनियोजन | | | खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | प्रतिशत |
| २०७७/७८ | ७,३०,०३ | १,६५,०० | ८,९५,०३ | १,३०,१३ | १,५६,३८ | २,८६,५१ | ३२.०१ |
| २०७८/७९ | ११,६२,२७ | १,५०,०० | १३,१२,२७ | ९,४७,७४ | १,३९,७९ | १०,८७,५३ | ८२.८७ |
| २०७९/८० | ११,३८,३६ | ३४,६० | ११,७२,९६ | ७,५१,५२ | ३१,६७ | ७,८३,१८ | ६६.७६ |
| २०८०/८१ | १३,१७,५४ | १,१४,०० | १४,३१,५४ | १०,९३,४० | ३४,३९ | ११,२७,७९ | ७८.७८ |

## २.६ राजस्व सङ्कलन र खर्चको स्थिति

आर्थिक वर्ष २०७८/७९ मा कुल रू ८ करोड ५६ लाख राजस्व सङ्कलन भएको थियो । उक्त रकम कुल वार्षिक खर्चको ७८.७ प्रतिशत हुन्छ । आर्थिक वर्ष २०७९ /८० मा जम्मा रू ८१ लाख ४१ हजार राजस्व सङ्कलन भएको थियो । उक्त रकम कुल वार्षिक खर्चको १०.४ प्रतिशत हुन्छ । आर्थिक वर्ष २०८०/८१ मा कुल रू. ११ करोड ३८ लाख राजश्व सङ्कलन भएको छ ।

## २.७ भौतिक पूर्वाधारको स्थिति

आयोगले पोखरा–१७, मुस्ताङचोकस्थित नेपाल नागरिक उडड्यन प्राधिकरणको भवनबाट कार्य सम्पादन गर्दै आएको छ । परीक्षा सञ्चालनका लागि आफ्नै भवन नभएकाले क्याम्पस एवम् सामुदायिक तथा

संस्थागत विद्यालयको सहयोगमा परीक्षाहरू सञ्चालन गर्ने गरिएको छ । नेपाल सरकारको डाटा सेन्टर प्रयोग गरी उम्मेदवारहरूको अनलाइन निवेदन लिने प्रणाली सञ्चालन गरिएको छ । आयोगमा सवारी साधन, कम्प्युटर, फर्निचर लगायत कार्य सञ्चालन गर्न आवश्यक उपकरणहरूको व्यवस्था गरिएको छ ।

## २.८ सरोकारवालाहरूको भूमिकाको विश्लेषण

पदपूर्ति प्रक्रियासँग सम्बन्धित आयोगका विभिन्न सरोकारवालाहरू, तिनको कार्यक्षेत्र, भूमिका र जिम्मेवारीसहितको विश्लेषण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५: सरोकारवालाहरूको भूमिकाको विश्लेषण**

| सरोकारवाला पक्ष | कार्यक्षेत्र | भूमिका र जिम्मेवारी |
|---|---|---|
| प्रदेश सभा | आयोगका लागि आवश्यक कानुन निर्माण, अनुगमन, छानबिन र आयोगको वार्षिक प्रतिवेदन उपर छलफल | प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश तथा स्थानीय तहका अन्य सरकारी सेवा, तथा सङ्गठित संस्थाको पदपूर्तिका लागि ऐन तर्जुमा गर्ने, संसदीय समितिमार्फत वार्षिक प्रतिवेदन उपर छलफल, आयोगका काम-कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने, |
| प्रदेश सरकार | मानवीय, वित्तीय र भौतिक स्रोत साधनको व्यवस्थापनमा सहजीकरण | मानवीय, वित्तीय र भौतिक स्रोत साधनको व्यवस्थापन र कर्मचारीको सेवा शर्त सम्बन्धी कानुन निर्माण तथा परिमार्जनमा राय परामर्श माग गर्ने, |
| प्रदेश सरकारका मन्त्रालय तथा निकायहरू | सेवा, समूह तथा उपसमूह सञ्चालन सम्बन्धी कार्य | सम्बन्धित निकाय र अन्तरगतका सेवा, समूह, उपसमूह पद, श्रेणी, तह तथा उक्त पदका लागि आवश्यक पर्ने शैक्षिक योग्यता निर्धारण गर्ने, पदपूर्ति सम्बन्धी कानुनी व्यवस्था गर्ने, रिक्त पदका लागि माग गर्ने, आयोगबाट सिफारिस भएका उम्मेदवारलाई नियुक्ति दिने र बढुवा समिति सचिवालयका रूपमा काम गर्ने । |
| स्थानीय तह | रिक्त दरबन्दीमा पदपूर्तिको लागि समयमै आयोगमा माग | स्थानीय तह अन्तरगतका सेवा, समूह, उपसमूह, पद, श्रेणी, तह तथा उक्त पदका लागि आवश्यक पर्ने शैक्षिक योग्यता निर्धारण गर्न आयोगलाई सहयोग गर्ने, रिक्त दरबन्दीमा पदपूर्तिका लागि माग गर्ने, सिफारिस भएका उम्मेदवारलाई नियुक्ति दिने । |
| लोक सेवा आयोग | सिद्धान्त र मापदण्ड निर्धारण र आवश्यक सहयोग | आयोगले सम्पादन गर्नुपर्ने पदपूर्तिलगायतका कार्यसम्बन्धी सिद्धान्त र मापदण्ड तय गर्ने र लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबिच छलफल र समन्वय गर्ने । |

| सरोकारवाला पक्ष | कार्यक्षेत्र | भूमिका र जिम्मेवारी |
|---|---|---|
| अन्य प्रदेश लोक सेवा आयोगहरू | प्रदेश तथा स्थानीय सेवाका पदमा पदपूर्ति तथा परामर्श र आपसी समन्वय एवम् असल अभ्यासको आदानप्रदान | आयोग र अन्य प्रदेश लोक सेवा आयोगहरूबिच समन्वयात्मक सम्बन्ध स्थापना गर्ने,<br>प्रदेश-प्रदेशबिच विकास भएका पाठ्यक्रम, मापदण्ड, कार्यविधि तथा अनुभव आदानप्रदान गर्ने, |
| | | उम्मेदवार छनौट प्रक्रियामा समसामयिक सुधार गर्न आपसी छलफल र समन्वय एवम् असल अभ्यास आदानप्रदान गर्ने । |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | आयोगको तर्फबाट बहस पैरवी | आयोगसँग सरोकार भएका मुद्दामा प्रतिनिधित्व गर्ने र आयोगका विषयमा दायर भएका मुद्दामा प्रतिरक्षा गर्ने । |
| अदालत (जिल्ला, उच्च, र सर्वोच्च) | आयोगसम्बन्धी मुद्दामा न्यायिक निरूपण | आयोग सम्बद्ध मुद्दाको सुनुवाइ गरी निरूपण गर्ने । |
| प्रदेश प्रहरी कार्यालय | सामान्य सिद्धान्तका विषयमा परामर्श माग र आवश्यक शान्ति सुरक्षा प्रदान | प्रदेश प्रहरीको नियुक्ति, बढुवा तथा विभागिय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तका विषयमा आयोगको परामर्श लिनु पर्नेमा परामर्श माग गर्ने, पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्न माग गर्ने र अन्य आवश्यक सहयोग गर्ने । |
| प्रदेश तथा स्थानीय तहका सङ्गठित संस्थाहरू । | परामर्श र रिक्त पदका लागि माग । | सङ्गठित संस्थाका सेवाका कर्मचारी सेवाका सर्तसम्बन्धी कानुन र त्यस्तो सेवाको पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श लिने र पदपूर्तिको लागि माग गर्ने । |
| दक्ष/ विशेषज्ञ | पाठ्यक्रम निर्माण, शैक्षिक योग्यताको द्विविधा निरूपण, र परीक्षासम्बन्धी अन्य कार्यमा सेवा प्रदान | शैक्षिक योग्यता तथा पाठयक्रम निर्माण, प्रश्नपत्र निर्माण तथा परिमार्जन, उत्तरपुस्तिका परीक्षण र अन्तरवार्ता लगायतका कार्यहरूमा सेवा प्रदान गरी सहयोग गर्ने । |
| क्याम्पस, विद्यालय | परीक्षा सञ्चालनमा सहयोग | लिखित परीक्षा सञ्चालनका लागि परीक्षा केन्द्र, भौतिक पूर्वाधार तथा जनशक्ति उपलब्ध गराई सहयोग गर्ने । |
| उम्मेदवार | परीक्षामा सहभागिता | आयोगबाट हुने विज्ञापनमा आवेदन दिने, परीक्षा दिने र परीक्षा एवम् छनौट प्रकृयाका सम्बन्धमा पृष्ठपोषण दिने । |
| सञ्चारकर्मी | सूचना सम्प्रेषण | आयोगका गतिविधिहरू आम जनता समक्ष सम्प्रेषण गराई सहयोग गर्ने । |

## २.९ सबल तथा सुधार गर्नुपर्ने पक्ष र अवसर तथा चुनौतीहरूको विश्लेषण

आयोगका सबल र सुधार गर्नुपर्ने पक्षहरू तथा अवसर र चुनौतीहरूको संस्थागत विश्लेषण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६: सबल र सुधार गर्नुपर्ने पक्षहरू तथा अवसर र चुनौतीहरूको विश्लेषण**

| विषयहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| कानुनी आधारहरू | संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५, गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६, आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन, २०७६, गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८०, र गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० लगायतका कानुनी व्यवस्था । | पाठ्यक्रम निर्माण र ऐनको व्याख्याको विषयमा ऐनमा परिमार्जन हुनुपर्ने । जनशक्ति र आर्थिक व्यवस्थापनमा स्वायत्तता हुनुपर्ने । | सेवा सर्त सम्बन्धी कानुन निर्माण तथा परिमार्जनमा, परामर्श, निरीक्षण तथा अनुगमन समेत गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवाग्राहीमैत्री बनाउने । पदपूर्ति सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहसँग सहकार्य र समन्वय गर्न सकिने । | प्रदेश प्रहरी प्रदेश सरकारमा समायोजन हुन नसक्नु । प्रदेश र स्थानीय तह अन्तरगतका सबै सङ्गठित संस्थाका पदपूर्ति सम्बन्धी स्पष्ट कानुनी व्यवस्था हुन नसक्नु । |
| सङ्गठन संरचना | संविधानबमोजिम प्रदेश कानुनले निर्दिष्ट गरेअनुसार गठन भएको र परिणाममुखी कार्यक्षेत्र तोकिएको स्वायत्त संस्था, तीन जना पदाधिकारी र ४९ कर्मचारीको सहितको सङ्गठन संरचना । | आयोगको कार्यबोझ र कार्यप्रकृतिअनुसार सङ्गठन संरचनामा सुधार गर्नुपर्ने । | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचनालाई समयानुकूल पुनरावलोकन गर्न सकिने । | सङ्गठन संरचनाअनुसार जनशक्ति व्यवस्था हुन नसक्नु । |

| विषयहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| जनशक्ति व्यवस्थापन | सक्षम र अनुभवी कर्मचारीको समूह कार्यरत । | जनशक्ति विकासका लागि प्रदेश सरकारमा भर पर्नुपर्ने, आयोगका पदाधिकारी र कर्मचारीको क्षमता विकासका लागि सीमित अवसर रहेको । | राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरमा विकसित अवसरहरूको पहिचान गरी पदाधिकारी तथा कर्मचारीको ज्ञान र सिप अभिवृद्धि गर्न सकिने । | दक्ष र अनुभवी कर्मचारीको पदस्थापना तथा सेवामा निरन्तरता नहुनु । आयोगको सहमति बिना अनुभवी कर्मचारीको अन्यत्र सरूवा हुनु, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको तालिम र भ्रमणका लागि प्रदेश तथा नेपाल सरकारको सहयोगमा भर पर्नु । |
| भौतिक स्रोत | आयोगका आफ्नै मेसिन/ यन्त्र उपकरण र सवारी साधनहरूको व्यवस्था । | आयोगको आफ्नै कार्यालय र परीक्षा भवन नभएको, | प्रदेश सरकारबाट भवनका लागि जग्गा र बजेट व्यवस्था भई भवन निर्माण हुनसक्ने । | आवश्यक जग्गा र बजेटको लागि प्रदेश सरकार र नेपाल सरकारको भर पर्नु । |
| वित्तीय स्रोत | प्रदेश सरकारले नियमित रूपमा आवश्यक वार्षिक बजेट विनियोजन । | आयोगलाई पर्याप्त बजेट विनियोजन हुनुपर्ने । | आयोगको स्रोत साधन व्यवस्थापनमा प्रदेश सरकार सकारात्मक हुने । | बढ्दो खर्चको आवश्यकता र प्रदेश सरकारको विनियोजन क्षमतामा भर पर्नु । |
| संस्थागत सुशासन | वार्षिक कार्यतालिका प्रकाशन भै सो बमोजिम कार्यसम्पादन भइरहेकोले परीक्षार्थी लगायत सबै पक्षको विश्वास अभिवृद्धि, लेखापरीक्षणबाट बेरूजु शून्य भई वित्तीय अनुशासन कायम हुन मद्दत । | आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ गर्दै लैजाने र पारदर्शिता अभिवृद्धि गर्नुपर्ने । | उत्कृष्ट संस्थाका रूपमा विकास हुनसक्ने । | संस्थागत र वित्तीय सुशासन कायम राख्नु । |

| विषयहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| पाठ्यक्रम | पाठ्यक्रम निर्माण तथा परिमार्जन । | शैक्षिक संस्थाको पाठ्यक्रम र सम्पादन गर्नुपर्ने कार्यसँग सामन्जस्य कायम गर्नुपर्ने । | अध्ययन, अनुसन्धान र सरोकारवालाहरूसँग छलफल गर्न सकिने । | शैक्षिक संस्थाहरूबीचको पाठ्यक्रममा विविधता र प्रदेश तथा स्थानीय तहको कार्यप्रकृतिमा विविधतालाई सम्बोधन गर्नु । |
| परीक्षण विधि | लोक सेवा आयोगको स्थापित अभ्यास, विधि र मापदण्ड अनुरूप परीक्षण विधिहरूको प्रयोग, | नवीन परीक्षण विधिहरूको खोजी र अवलम्बन गर्नुपर्ने । | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विकसित नवीन विधिहरूको पहिचान र प्रयोग गर्न सकिने । | नवीन परीक्षण विधिहरूको पहिचान र अवलम्बनमा दुबिधा रहनु । |
| दक्ष/ विशेषज्ञ व्यवस्थापन | स्थानीयस्तरमा दक्ष/विशेषज्ञ उपलब्धता र सहयोग । | दक्ष/विशेषज्ञको अभिमुखीकरण हुन नसकेको र केही विधामा काठमाडौंबाट दक्ष/विशेषज्ञ सेवा लिनु पर्ने । | विभिन्न विधाका विश्वविद्यालय तथा क्याम्पसहरू र प्रशासनिक क्षेत्रमा कार्यरत र निवृत्त दक्ष/विशेषज्ञहरू उपलब्ध हुने । | दक्ष/विशेषज्ञको दक्षता अभिवृद्धि र बाहिरबाट दक्ष/विशेषज्ञको सेवा लिँदा लागत बढ्नु । |
| सञ्चार तथा सूचना प्रविधि | वेवसाईट, अनलाइन दरखास्त प्रणाली, भुक्तानी प्रणाली र अप्टिकल मार्क रिडरसँग सम्बन्धित प्रणाली उपयोग । | अनलाइन दरखास्त र भुक्तानी प्रणालीलाई थप सुदृढीकरण, राष्ट्रिय परिचयपत्र र नागरिक एपसँग आबद्धता र प्रणालीमा रहेका उमेदवारहरूको व्यक्तिगत विवरणको सुरक्षाको व्यवस्था गर्नुपर्ने, | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विकसित नवीन सञ्चार तथा सूचना प्रविधिको पहिचान र उपयोग हुने । | राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा विकसित नवीन सञ्चार तथा सूचना प्रविधि अद्यावधिकरण, साइवर सुरक्षा जोखिम बढ्नु । |

| विषयहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| आयोगको संस्थागत गतिशीलता | प्रदेश तथा स्थानीय तहसँग पदपूर्तिको विषयमा अन्तरक्रिया, सार्वजनिक सेवामा आकर्षण बढाउन उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई अभिमुखीकरण, आयोगका गतिविधिहरू समेटिएको वार्षिक स्मारिका र वार्षिक प्रतिवेदन प्रकाशन, लोक सेवा आयोगहरूको राष्ट्रिय र प्रादेशिक सम्मेलनमा सहभागिता । | अन्तरक्रिया र अभिमुखीकरणका कार्यक्रमहरू विस्तार गर्नुपर्ने, आयोगका विज्ञापन तथा सूचनाहरू सरोकारवाला सबैको पहुँचमा पुर्याउनुपर्ने, मेधावी विद्यार्थीलाई आयोगको परीक्षामा आकर्षण गर्न प्रदेश सरकार र स्थानीय तहको कार्यक्रममा समावेश गराउन पहल गर्ने । लोकसेवा आयोगको राष्ट्रिय तथा प्रादेशिक सम्मेलनलाई निरन्तरता दिन पहल गर्नुपर्ने । | प्रदेश तथा स्थानीय तह पदपूर्तिको प्रक्रिया र प्रशासनिक सबलीकरण प्रति जागरूक हुने, सार्वजनिक सेवामा उमेदवारहरूको आकर्षणमा बढोत्तरी हुने, असल अभ्यासको आदानप्रदान हुने । | प्रदेश र स्थानीय तहमा आयोगबाट सिफारिस भई नियुक्त कर्मचारीहरूको सेवामा निरन्तरता राख्नु, आयोग प्रतिको जनविश्वासलाई कायम राख्नु । |

## २.१० मुख्य समस्याहरू

आयोगका प्रमुख समस्याहरू देहायबमोजिम रहेका छन्:

१. कार्यक्षेत्र अनुरूप संस्थागत क्षमता विकास गर्ने उपलब्ध मानवीय, भौतिक, आर्थिक र प्रविधिजन्य स्रोतहरू पर्याप्त नरहेको,

२. आफ्नै कार्यालय भवन र परीक्षा सञ्चालन गर्ने भवन नरहेको,

३. आयोग सम्बद्ध ऐन, नियम, कार्यविधि/निर्देशिका/मापदण्ड समयानुकूल अध्यावधिक गर्न नसकिएको,

४. आयोगको कार्य प्रकृतिअनुसार कर्मचारीलाई ज्ञान र सिप उपलब्ध गराउन समय लाग्ने गरेको र आयोगको सहमति बिना अनुभवी तथा दक्षता प्राप्त कर्मचारीको सरूवा भई सेवामा निरन्तरता नहुनसक्ने,

५. शैक्षिक संस्थाका पाठ्यक्रम र कार्यक्षेत्रमा सम्पादन गर्नुपर्ने कामहरूसँग आयोगका पाठ्यक्रमको पूर्ण तादम्यता नरहेको,

६. उपयुक्त उम्मेदवार छनौटको लागि आयोगसँग मौजुदा परीक्षण प्रणाली र विधिका अलावा थप परीक्षण प्रणाली र विधि विकास गर्न नसकिएको,

७. सार्वजनिक प्रशासनमा मेधावी, प्रतिभावान् र क्षमतावान् उमेदवार पर्याप्त रूपमा आकर्षण गर्न नसकिएको,

८. आयोगको कामको प्रकृतिअनुसार आवश्यक दक्ष/विशेषज्ञमध्ये कतिपय विषयका दक्ष/विशेषज्ञ प्रदेशमा उपलब्ध नहुँदा अन्यत्रबाट आमन्त्रण गर्नुपर्ने अवस्था रहेको। दक्ष/विशेषज्ञहरूको सूची नियमित अद्यावधिक हुन नसकेको,

९. मौजुदा सञ्चार तथा सूचना प्रणालीको सुदृढीकरण र नवीन प्रविधिको पहिचान, विकास र उपयोग गर्ने क्षमता अभिवृद्धि हुन नसकेको।

## २.११ मुख्य चुनौतीहरू

आयोगका मुख्य चुनौतीहरू देहायबमोजिम छन्:

१. वार्षिक कार्यतालिकाअनुसार समयमै सबै रिक्त पदको माग प्राप्त गर्नु,

२. आफ्नै कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति गर्नु,

३. पदाधिकारी, कर्मचारी तथा दक्ष/विशेषज्ञबाट पूर्ण रूपमा आचार संहिता पालना गराउनु,

४. आयोगका पाठ्यक्रमसँग कार्यक्षेत्रमा आवश्यक पर्ने ज्ञान, सिप र शिक्षण संस्थाका पाठ्यक्रमको सामन्जस्य कायम गर्नु,

५. नयाँ परीक्षण प्रविधिहरूको पहिचान, परीक्षण र प्रयोग गर्नु,

६. नयाँ परीक्षण पद्धतिको विकास, परीक्षा सञ्चालन प्रक्रियामा सुधार र क्षमता विकास लगायत कार्यमा बढ्दो खर्चको आवश्यकताअनुसार स्रोत प्राप्त गर्नु,

७. प्रदेश तथा स्थानीय तहका सङ्गठित संस्थाका कर्मचारीको सेवा सर्तसम्बन्धी कानुनमा एकरूपता कायम गरी पदपूर्तिको दायरामा ल्याउनु,

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विकसित नवीन सूचना प्रविधिका अभ्यासहरूसँग आयोगका कार्यसम्पादनलाई अनुकूल बनाउनु,

९. आयोगको कार्यसम्पादनमा जनशक्तिको दक्षता र सिपको आवश्यकता एवम् आपूर्तिबिच सामान्जस्य कायम गर्नु ।

## २.१२ मुख्य रणनीतिक सवालहरू

प्रस्तुत विश्लेषणका आधारमा सम्बोधन गर्नुपर्ने रणनीतिक सवाल देहायबमोजिम पहिचान गरिएको छः

**१. मानव संसाधन तथा संस्थागत क्षमता अभिवृद्धि**

- काम गर्दै, सिक्दै र बनाउँदै गरेको अवस्थाबाट के कसरी स्थायी र भरपर्दो कार्यप्रणाली र पद्धति बनाउने ?
- कार्यसम्पादनसँग सम्बन्धित कानुनहरूको कसरी समायानुकूल परिमार्जन तथा सुधार गर्ने र सङ्गठन संरचनालाई समयसापेक्ष चुस्त, दुरूस्त र व्यवस्थित के कसरी बनाउने ?
- पदाधिकारी तथा कर्मचारीको ज्ञान, सिप र क्षमता के कसरी बढाउने ?
- संस्थागत सुशासन अभिवृद्धि के कसरी गर्ने ?
- कार्यप्रक्रियालाई समय सापेक्ष, सरल र मितव्ययी के कसरी बनाउने ?

**२ भौतिक पूर्वाधार, सूचना प्रणाली र वित्तीय व्यवस्थाको सुदृढीकरण**

- कार्यालय भवन र परीक्षा भवनका लागि जग्गा र भवन निर्माणको व्यवस्थापन के कसरी गर्ने ?
- कार्यालय सञ्चालन, परीक्षा सञ्चालन र परिक्षार्थीको सिप परीक्षण गर्न आवश्यक सञ्चार तथा सूचना प्रविधि, प्राविधिक उपकरणहरू र अन्य पूर्वाधारको व्यवस्थापन के कसरी गर्ने ?
- कार्यसम्पादन सुधारका लागि वित्तीय स्रोत व्यवस्थापन के कसरी गर्ने ?
- परीक्षा दस्तुरलाई समयानुकूल परिमार्जन के कसरी गर्ने ?

**३. स्वच्छता, निष्पक्षता र वैज्ञानिक परीक्षण विधि प्रयोग गर्दै उपयुक्त र योग्य उम्मेदवार छनोट**

- पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्दा लोक सेवा आयोग र अन्य प्रदेश लोक सेवा आयोगको पाठ्यक्रमलाई सन्दर्भ सामग्रीका रूपमा लिई के कसरी तादम्यता कायम गर्ने ?
- आयोगका पाठ्यक्रम र शैक्षिक संस्थाका पाठ्यक्रमबिच के कसरी सामान्जस्य कायम गर्ने ?
- प्रदेश तथा स्थानीय तहमा कर्मचारीले सम्पादन गर्नुपर्ने कामसँग तालमेल हुनेगरी ज्ञान, सिप अभिवृद्धि तथा सम्बन्धित पदको पाठ्यक्रमबिच के कसरी तालमेल मिलाउने ?
- कार्यसम्पादन गर्न चाहिने विषय विज्ञता तथा प्राविधिक ज्ञानको उपलब्धता र उपयुक्तता के कसरी सुनिश्चित गर्ने ?
- सदाचार र सकारात्मक मनोवृत्तियुक्त जनशक्ति भर्ना तथा छनौटको लागि परीक्षण विधि र परीक्षा

प्रणालीलाई के कसरी अद्यावधिक गरी समयानुकूल बनाउने ?

- उपयुक्त उम्मेदवारलाई सार्वजनिक सेवाप्रति के कसरी आकर्षित गर्ने ?

## ४. परामर्श र उजुरी सुनुवाई

- प्रदेश तथा स्थानीय तहको सार्वजनिक सेवासम्बन्धी कानुन निर्माण तथा परिमार्जन, सेवा समूह परिवर्तन, शैक्षिक योग्यता निर्धारण र सामान्य सिद्धान्तका विषयमा प्रदान गरिने परामर्शलाई के कसरी व्यवस्थित र प्रभावकारी बनाउने ?
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायका विषयमा दिईने परामर्शलाई के कसरी कानुनसम्मत, न्यायिक र कार्यान्वयनयोग्य बनाउने ?
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीको बढुवा निर्णयमा परेका उजुरी उपरको सुनुवाइ र निर्णयलाई के कसरी निष्पक्ष र विधिसम्मत बनाउने ?

## ५. निरीक्षण, अनुगमन तथा समन्वय

- प्रदेश तथा स्थानीय तहले नियुक्ति गर्दा संविधान, प्रचलित कानुन  र आयोगको स्वीकृत कार्यविधि र सर्त पालना गरे नगरेकोसम्बन्धी निरीक्षणलाई के कसरी प्रभावकारी बनाउने ?
- प्रदेश प्रहरी सेवा सञ्चालनसम्बन्धी सामान्य सिद्धान्तका बिषयमा आयोगबाट प्रदान गरिएका परामर्श कार्यान्वयन गरे नगरेकासम्बन्धी अनुगमनलाई के कसरी प्रभावकारी बनाउने ?
- वार्षिक रूपमा सम्पादित काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदनलाई के कसरी तथ्यपरक बनाउने ?
- लोक सेवा आयोग र अन्य प्रदेश लोक सेवा आयोगहरूसँगको समन्वय, सहयोग र सहकार्यलाई के कसरी सुदृढ गर्ने ?
- आयोगका सरोकारवाला सम्बद्ध निकाय/पक्षसँग कार्यगत सम्बन्ध, आपसी सहयोग र समन्वयको प्रक्रियालाई के कसरी व्यवस्थित गर्ने ?
- आयोगले सम्पादन गर्दै आएका कार्यहरूको प्रवर्धन के कसरी गर्ने ?
- लोक सेवा आयोगले अवलम्बन गरेका सिद्धान्त, मापदण्ड र असल अभ्यासलाई के कसरी संस्थागत गर्ने ?
- अन्य प्रदेश लोक सेवा आयोगहरू र यस्तै प्रकृतिका अन्य संस्थाहरूको असल अभ्यासबाट के कसरी सिक्ने ?
- आयोगका पदाधिकारी, कर्मचारी, दक्ष/विशेषज्ञ र परीक्षा सञ्चालन एवम् व्यवस्थापनमा संलग्न हुने जनशक्तिलाई आचारसंहिताको पालना के कसरी प्रभावकारी गराउने ?
- सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग आयोगको सम्बन्ध के कसरी विस्तार तथा सुदृढ गर्ने ?

## अध्याय - ३

# रणनीतिक योजना

---

### ३.१ पृष्ठभूमि

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम प्रदेश लोक सेवा आयोग वि.सं. २०७७ चैत्रमा स्थापना भएको हो । लोक सेवा आयोगबाट स्थापित मूल्य मान्यता एवम् असल अभ्याससमेतका आधारमा आवश्यक नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड निर्माण गरी कानुनी आधार तयार गरिएको छ । वार्षिक कार्यतालिका बनाई प्रदेश सरकार तथा प्रदेशभित्रका स्थानीय तहमा स्वच्छता तथा निष्पक्षता कायम गरी उपयुक्त उम्मेदवार छनौट तथा सिफारिसका लागि परीक्षा सञ्चालन गर्ने गरिएको छ । योग्यता प्रणालीलाई प्रवर्धन गर्दै प्रदेश र स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाई प्रदेशको समृद्धिमा आयोगको भूमिका महत्त्वपूर्ण छ । यसै क्रममा सरोकारवालाहरूको भूमिकाको विश्लेषण, सबल तथा सुधार गर्नुपर्ने पक्ष, अवसर तथा चुनौतीहरूको विश्लेषण र पहिचान गरिएका रणनीतिक सवालहरूका आधारमा सम्पादन गर्नुपर्ने कामहरूलाई थप व्यवस्थित गर्दै आयोगलाई एक उत्कृष्ट संस्थाको रूपमा विकास गर्न यो रणनीतिक योजना तयार गरिएको छ ।

### ३.२ दूरदृष्टि र ध्येय

**दूरदृष्टि (Vision)**

**योग्य र उपयुक्त मानव संसाधनको छनोट र व्यवस्थापनमार्फत् गण्डकी प्रदेशको समृद्धि ।**

**ध्येय (Mission)**

**योग्यता प्रणालीको प्रबर्द्धन र स्वच्छ तथा निष्पक्ष विधिको अवलम्बन गर्दै उपयुक्त उम्मेदवार छनौट तथा आपूर्ति गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन सहयोग पुऱ्याउने ।**

### ३.३ मूल्य-मान्यता

आयोगका मूलभूत मूल्य-मान्यता देहाय बमोजिम रहेका छन्ः

**तालिका ७ः मूल्य-मान्यताहरू**

| मूल्य-मान्यता | कार्यान्वयन विधि |
|---|---|
| योग्यता | योग्यता र क्षमता परीक्षणका आधारमा उपयुक्त उम्मेदवार छनौट गर्ने । |
| निष्पक्षता | निष्पक्ष रूपमा समान व्यवहार गर्दै उपयुक्त उम्मेदवार छनौट गर्ने । |
| स्वच्छता | स्वच्छता र समानताका आधारमा न्यायसम्मत तरिकाले तथ्यका आधारमा आफ्ना कार्य सम्पादन गर्ने । |

| मूल्य–मान्यता | कार्यान्वयन विधि |
|---|---|
| समावेशिता | राज्यले अपनाएको समावेशीकरणसम्बन्धी संबैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाबमोजिम सम्बन्धित समूहका उम्मेदवारबिच मात्र प्रतिस्पर्धा हुने गरी समावेशी सहभागिता सुनिश्चित गर्ने । |

## ३.४ रणनीतिक उद्देश्य

रणनीतिक उद्देश्यहरू देहायअनुसार छन् :

**१. आयोगको मानव संसाधन तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु,**

**२. आयोगका भौतिक पूर्वाधार, सूचना प्रणाली र वित्तीय व्यवस्था सुदृढ गर्नु,**

**३. स्वच्छता, निष्पक्षता र वैज्ञानिक परीक्षण विधि प्रयोग गर्दै उपयुक्त र योग्य उम्मेदवार छनोट गर्नु,**

**४. परामर्श र उजुरी सुनुवाइलाई उपयुक्त, न्यायिक एवम् कार्यान्वयन योग्य बनाउनु, र**

**५. आयोगको कार्य सञ्चालन प्रक्रियालाई बढी समन्वयात्मक, व्यवस्थित र प्रभावकारी बनाउनु ।**

## ३.५ मुख्य रणनीति र कार्यनीतिहरू

रणनीतिक उद्देश्यअनुसारका रणनीति र कार्यनीति देहायको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ८ः रणनीतिक उद्देश्यअनुसारका रणनीति र कार्यनीति**

| रणनीतिक उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. आयोगको मानव संसाधन तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु | १.१ आयोगका कार्य प्रणाली, संस्थागत पद्धतिहरूलाई विश्वसनीय बनाउने | १.१.१ कार्यसम्पादनसँग सम्बन्धित कानुनहरूको समायानुकूल परिमार्जन र सुधार गरिने छ । |
| | | १.१.२ आयोगको मूल्य मान्यताअनुसार सङ्गठन संरचनालाई समयसापेक्ष सुधार गरिने छ । |
| | | १.१.३ रणनीतिक योजनाको आवधिक मूल्याङ्कन गरिने छ । |
| | | १.१.४ लोक सेवा आयोगले सङ्घीय कानुनबमोजिम अपनाएको सिद्धान्त र मापदण्ड अवलम्बन गरिने छ । |
| | | १.१.५ उपयुक्त सूचकहरू निर्माण गरी आयोगबाट सम्पादित कार्यहरूको स्वःमूल्याङ्कन/समकक्षी समीक्षा गरिने छ । |
| | १.२ आयोगका पदाधिकारी र कर्मचारीको कार्य सम्पादन क्षमता अभिवृद्धि गर्ने | १.२.१ कर्मचारीको ज्ञान, सिप र क्षमताको अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने छ । |
| | | १.२.२ कार्य सम्पादन गर्न चाहिने दक्षता अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अवलोकन भ्रमण र अनुभव आदान प्रदान गरिने छ । |

| रणनीतिक उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | १.३ सुशासन अभिवृद्धि गर्ने | १.३.१ आयोगका गतिविधिहरू वेबसाइट, बुलेटिन, स्मारिकामार्फत सार्वजनिक गरी पारदर्शिता कायम गरिने छ । |
| | | १.३.२ आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्दै खर्च मापदण्डलाई समयसापेक्ष र मितव्ययी बनाई आर्थिक अनुशासन कायम गरिने छ । |
| | | १.३.३ प्राप्त गुनासोहरूको समयमा नै सुनुवाइ र सम्बोधन गरिने छ । |
| | | १.३.४ कार्यप्रकृया र असल अभ्यासहरूको दस्तावेजीकरण गरिने छ । |
| २. आयोगका भौतिक पूर्वाधार, सूचना प्रणाली र वित्तीय व्यवस्था सुदृढ गर्नु | २.१ भौतिक पूर्वाधारको विकास गर्ने | २.१.१ आवश्यक जग्गा प्राप्त गरी कार्यालय र परीक्षा भवन निर्माण गरिने छ । |
| | २.२ सञ्चार तथा सूचना प्रविधिको सुदृढीकरण गर्ने | २.२.१ सूचना, सञ्चार प्रविधि र अन्य उपकरणसम्बन्धी योजना तयार गरी कार्यान्वयन गरिने छ । |
| | | २.२.२ सञ्चालनमा रहेका सञ्चार तथा सूचना प्रविधिको सुदृढीकरण गरिने छ । |
| | २.३ वित्तीय स्रोत व्यवस्थापन गर्ने | २.३.१ परीक्षा दस्तुर पुनरावलोकन गरिने छ । |
| | | २.३.२ रणनीतिक योजनाका उद्देश्य हासिल गर्नेगरी बजेट माग र व्यवस्था गरिने छ । |
| ३. स्वच्छता, निष्पक्षता र वैज्ञानिक परीक्षण विधि प्रयोग गर्दै उपयुक्त र योग्य उम्मेदवार छनोट गर्नु | ३.१ पाठ्यक्रम परिमार्जन र परीक्षा सन्चालन तथा व्यवस्थापन प्रणालीलाई समयानुकूल सुधार गर्ने । | ३.१.१ शिक्षण संस्था र प्रदेश तथा स्थानीय तहका निकायलगायत सरोकारवालाको सुझाव समेतका आधारमा पाठ्यक्रम निर्माण र परिमार्जन गरिने छ । |
| | | ३.१.२ पाठ्यक्रम र परीक्षण प्रविधिमा सुधारका लागि विषयहरू पहिचान गरी अनुसन्धान गरिने छ । |
| | | ३.१.३ पदपूर्तिको वार्षिक कार्यतालिका कार्यान्वयन योजना बनाई कार्यान्वयन गरिने छ । |
| | | ३.१.४ प्रश्नपत्र सङ्कलन, प्रश्नपत्र परिमार्जन, र उत्तरपुस्तिका परीक्षण, सम्बन्धी मापदण्ड बनाई कार्यान्वयन गरिने छ । |

| रणनीतिक उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ३.१.५ परीक्षा सञ्चालनका लागि जनशक्ति परिचालन एवम् व्यबस्थापनको मापदण्ड तयार गरी संलग्न हुने जनशक्तिलाई अभिमुखीकरण गरिने छ । |
